# टोखा नगरपालिका

## टोखा नगर कार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः २ मितिः आषाढ ०९, २०७६


नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधान अनुसूची ८ को क्रमसंख्या ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम टोखा नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## भाग-२

## टोखा नगरपालिकाको अनुदान व्यवस्था तथा सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावनाः** टोखा नगरपालिकाबाट विभिन्न सरकारी निकाय, सरकारी स्वामित्व भएका अर्धसरकारी संस्था (संस्थान, प्राधिकरण, कम्पनी, प्रतिष्ठान, विकास समिति, आदि) लाई अनुदानको व्यवस्था गरि कार्य छिटो, छरितो र अनुदान प्राप्त गर्ने संस्थालाई अनुशासित, जवाफदेही, उतरदायी बनाई परिणाम हासिल गर्न टोखा नगरपालिकाले “स्थानीय सरकार

सञ्चालन ऐन, २०७४ को दफा १०२" बमोजिम टोखा नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक
## संक्षिप्त नाम र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधि को नाम **''टोखा नगरपालिकाको अनुदान व्यवस्था तथा सञ्चालन कार्यविधि, २०७६"** रहेको छ ।

(२) यो कार्यविधि नगरपालिकाको क्षेत्र भर लागू हुनेछ ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) **"कार्यविधि "** भन्नाले टोखा नगरपालिकाको अनुदान व्यवस्था तथा सञ्चालन कार्यविधि, २०७६ लाई सम्झनु पर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले टोखा नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) **"नगरपालिका"** भन्नाले टोखा नगरपालिका सम्झनु पर्छ ।

(ङ) **''समिति"** भन्नाले अनुदान परिचालन समिति सम्झनु पर्छ ।

(ठ) **"प्रमुख"** भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ड) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(व) **"सरकारी कार्यालय"** भन्नाले शत प्रतिशत सरकारी स्वामित्वमा रहेका कार्यालय सम्झनु पर्छ ।

(श) **"अर्ध-सरकारी कार्यालय"** भन्नाले आंशिक रुपमा सरकारी स्वामित्वमा रहेका - संस्थान, प्राधिकरण कम्पनी, प्रतिष्ठान, विकास समिति, वितिय संस्था, आदिलाई सम्झनु पर्छ ।

(य) **"कार्यकम अनुदान"** भन्नाले लागत अनुमानका आधारमा सम्झौता गरी सम्झौतामा उल्लेख भए अनुसार दिईने आर्थिक तथा प्राविधिक सहयोगलाई सम्झनु पर्छ ।

(प) **"संस्थागत अनुदान"** भन्नाले वार्षिक नीति तथा कार्यक्रम अनुसार सम्झौतामा उल्लेखित शर्त अनुसार संस्था आफैले संचालन गर्ने गरी दिइने रकमलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## प्राथमिकता क्षेत्र

टोखा नगरपालिकाले आफ्नो जनशक्तिबाट सम्भव नभएका वा गर्न कठिनाई भएका विकास निर्माण वा अन्य कार्य अनुदान उपलब्ध गराउन प्रस्तावित कार्यक्रमको स्वीकृति देहायका प्राथिमकताको आधारमा गर्नुपर्नेछ :

२.१ विकास निर्माणका कार्यहरु: ढल, पिच, खानेपानी बोरिंग, CCTV, सडक बत्ती, आदि

२.२ स्थानीय स्रोत र साधन परिचालन हुने कार्यक्रमहरु

२.३ नगरपालिकालाई समृद्द बनाउने कार्यक्रम तथा क्रियाकलापहरु

२.४ क्षमता अभिवृद्धि तालिम

## परिच्छेद ३

## अनुदानका प्रकार

३. अनुदानका प्रकार:

(क) संस्थागत अनुदान:

कुनै पनि सरकारी निकाय र अर्ध सरकारी संस्थालाई उल्लेखित प्राथमिकताको आधारमा विकास निर्माणका कार्यक्रम स्वीकृत गरी अनुदान प्राप्त संस्था आफैले प्रचलित कानून बमोजिम सम्पूर्ण कार्य गर्ने गरी सम्झौता

पश्चात एक मुष्ट रकम निकासा उपलब्ध गराइने छ । उक्त कार्यको अनुगमन कार्यक्रम संचालन गर्ने संस्था र टोखा नगरपालिकाले गर्नेछ ।

(ख) कार्यक्रम अनुदान:

कुनै पनि सरकारी निकाय र अर्ध सरकारी संस्थालाई उल्लेखित प्राथमिकताको आधारमा कार्यक्रम (विकास निर्माणका कार्य बाहेक) स्वीकृत गरीनेछ । उक्त कार्यको अनुगमन मूल्यांकन टोखा नगरपालिकाले गर्ने कार्य प्रगति विवरणका आधारमा सोधभर्ना स्वरूप रकम उपलब्ध गराईने छ ।

## परिच्छेद ४

## अनुदान परिचालन समिति गठन र समितिको काम, कर्तव्य र अधिकार

४.१ यस नगरपालिकामा देहाय बमोजिमको अनुदान परिचालन समिति रहनेछ :

| | | |
|---|---|---|
| १. | नगर प्रमुख | -संयोजक |
| २. | उप-प्रमुख | -सदस्य |
| ३. | प्रमुखद्वारा चयन गरिएको कार्यपालिका सदस्यहरुमध्येबाट १ जना | -सदस्य |
| ४. | प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| ५. | योजना शाखा प्रमुख | -सदस्य |
| ६. | आर्थिक प्रशासन शाखा प्रमुख | -सदस्य सचिव |

४.२ अनुदान परिचालन समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) अनुदानको आवश्यकता भएको योजना तथा कार्यक्रम छनोट गरी कार्यन्वयनको लागि कार्यालयलाई सिफारिस गर्ने ,

(ख) अनुदानमा संचालित कार्यक्रमको अनुगमन र पृष्टपोषण गर्ने,

(ग) भुक्तानी प्रक्रियामा सहजीकरण र सिफारिस गर्ने ।

४.३ दफा ४.१ बमोजिमको समितिले गरेको निर्णयलाई लगत्तै बसेको नगर कार्यपालिकाको बैठक तथा नगरसभाबाट समेत अनुमोदन गर्नु पर्नेछ ।

## परिच्छेद ५

## अनुदान रकमको भुक्तानी प्रक्रिया

५ अनुदान रकमको भुक्तानी प्रक्रिया देहाय बमोजिमको हुनेछ :

(क) संस्थागत अनुदान:

सम्झौता पश्चात लागत अनुमानको रकम सोहि संस्थालाई पूर्ण रुपमा उपलब्ध गराईनेछ ।

(ख) कार्यक्रम अनुदान:

पहिलो किस्ता: सम्झौता पश्चात सम्झौता रकमको बढीमा एक तिहाई पेश्कीको रुपमा

दोस्रो तथा अन्तिम किस्ता: कार्य सम्पन्न प्रतिवेदनको आधारमा

## परिच्छेद ६

## अनुदान रकमको आयव्यय

६.१. संस्थालाई प्राप्त रकम जुन कामको लागि खर्च गर्न निकासा भएको हो सोही काममा मात्र खर्च गर्नुपर्नेछ । खर्च हुन नसकेको रकमको बारेमा यस कार्यालयलाई जानकारी गराई समयमा नै फिर्ता गर्नुपर्नेछ ।

६.२ सञ्चालित योजना तथा कार्यक्रमको प्रगति प्रतिवेदन समय समयमा उपलब्ध गराउनु पर्नेछ । साथै अन्तिम प्रगति प्रतिवेदन कार्यक्रम सम्पन्न प्रतिवेदनसंग संलग्न गर्नुपर्नेछ ।

६.३ निकासा रकमको हिसाब-किताब र लेखा राख्ने काम अनुदान प्राप्त गर्ने संस्थाको हुनेछ ।

६.४ अनुदान प्राप्त गर्ने संस्थाले प्रचलित कानून बमोजिम खर्च गरी सोको लेखापरीक्षण र कार्य प्रगति विवरण टोखा नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ । साथै, उक्त अनुदान प्राप्त गर्ने संस्था पेश गरेको कार्यको लागि अन्तिम जवाफदेहि स्वयम् हुनेछ ।

## परिच्छेद ७

## विविध

७.१ यस **कार्यविधि मा लेखिएदेखि बाहेकका विषयहरूमा प्रचलित कानून** बमोजिम हुनेछ

७.२ **बाधा अड्काउ फुकाउन सक्ने :** (१) यस कार्यविधिमा सुधार गर्न संशोधन आवश्यक ठानेमा नेपालको संविधानप्रदत्त अधिकारको परिधिभित्र रही नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

७.३ यस कार्यविधि को व्याख्या गर्ने र बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ ।

७.४ यस कार्यविधि संघ तथा प्रदेशको प्रचलित कानून बमोजिम बाझिएको हकमा स्वत: अमान्य हुनेछ ।

**अनुसूची-१**

कार्यक्रम प्रस्ताव र निवेदनको ढांचा

(आवश्यकतानुसार)

**अनुसूची-२**

सम्झौताको ढांचा

(आवश्यकतानुसार)

**आज्ञाले**

**प्रदिप पौडेल**

**प्रमाणीकरण मिति : २०७६/०३/०९** **प्रमुख प्रशासकीय अधिकृत**